# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, चैत २५ गते, २०८१ साल (संख्या २४

## भाग-३

## कर्णाली प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०८१।११।१३ मा स्वीकृत भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** कर्णाली प्रदेशभित्र स्थायी बसोवास भएका नागरिकहरूको निजी आवासीय घरको प्राकृतिक विपद् लगायतको भवितव्यको कारणबाट हुने क्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूति गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "बीमा कार्यक्रम" भन्नाले सम्पत्ति बीमालेख अन्तर्गतको घर बीमा सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(घ) "बीमा प्राधिकरण" भन्नाले बीमा ऐन २०७९ बमोजिम स्थापित नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ ।

(ङ) "सम्पत्ति बीमा निर्देशन २०८०" भन्नाले नेपाल बीमा प्राधिकरणबाट जारी भएको सम्पत्ति बीमा निर्देशन सम्झनु पर्छ ।

(च) "बीमक" भन्नाले नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त निर्जीवन बीमा सेवा प्रदायक कम्पनी सम्झनु पर्छ।

(छ) "बीमा शुल्क" भन्नाले बीमा गर्दा बीमकलाई बुझाउनु पर्ने शुल्क (प्रिमियम) सम्झनु पर्छ।

(ज) बीमाङ्क" भन्नाले बीमा गरिने घरको वित्तीय जोखिम स्वीकार गरिने अधिकतम मूल्य सम्झनु पर्छ।

(झ) "बीमित "भन्नाले बीमा सुविधा प्राप्त गर्ने व्यक्ति वा घरधनी सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्र रहेका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ठ) "घर" भन्नाले स्थायी रुपले बसोबास गरिने गैर-व्यवसायिक वा गैर-व्यापारिक प्रयोजनका लागि निर्मित बीमितको बीमायोग्य हित कायम भई उपयोगमा रहेको आवासीय भवन सम्झनु पर्छ र सो शब्दले मानिसको बसोबास भएको भनी स्थानीय तहले सिफारिस गरेको अस्थायी संरचना समेतलाई जनाउँछ।

३. **<u>घर बीमालेखः</u>** (१) घर बीमा सम्बन्धी व्यवस्था गर्न नेपाल बीमा प्राधिकरणबाट जारी सम्पत्ति बीमा निर्देशन, २०८० को अनुसूची-४ मा रहेको घर बीमालेख अनुसार हुनेछ।

(२) स्थानीय तहले खटाएका प्राविधिक जनशक्तिबाट निजी आवासीय घरको मूल्याङ्कन गराई बीमायोग्य घरको हालको पूरा मूल्य कायम हुने गरी बीमाङ्क कायम गर्नु पर्नेछ।

(३) बीमा गरिने घरको विवरण सम्बन्धित स्थानीय तहले अनुसूची-१ बमोजिमको ढाँचामा सिफारिस गर्नु पर्नेछ।

(४) घर बीमाको लागी छनोट भएका स्थानीय तहमा बीमक खटाउने जिम्मेवारी बीमा प्राधिकरणको हुनेछ।

(५) स्थानीय तहका लागी छनौट भएका विमकले सम्बन्धित स्थानिय तहहरु संग समन्वय गरि घरको जोखिमाङ्कन गर्नुपर्नेछ।

(६) स्थानीय तहमा यो कार्यविधि लागू हुन अघि काम गरिरहेका बीमा कम्पनी बाहेक नयाँ छनौट भएका स्थानीय तहमा बीमा प्राधिकरणले तोकेका बीमा कम्पनीबाट बीमा गरिनेछ।

४. **घर बीमालेखले समेट्ने विषयः** (१) यस कार्यविधि बमोजिम घर बीमालेखले देहायका जोखिमबाट हुने क्षति सम्बन्धी विषयहरू समेट्ने छः-

(क) भूकम्पबाट हुने क्षति,

(ख) अग्निजन्य जोखिम,

(ग) हावाजन्य जोखिम,

(घ) पानीजन्य जोखिम,

(ङ) भूमिजन्य जोखिम,

(च) खस्ने वा भासीने सम्बन्धी जोखिम,

(छ) चट्याङ्गजन्य जोखिम,

(ज) विस्फोटजन्य जोखिम,

(झ) आकाशीय सामग्रीजन्य जोखिम,

(ञ) धक्काजन्य जोखिम,

(ट) स्वजलन सम्बन्धी जोखिम,

(ठ) बाढी तथा डुबानबाट क्षतिग्रस्त घर,

(ड) हुलदङ्गा तथा आतङ्कवादजन्य जोखिम,

(ढ) अन्य प्राकृतिक विपद्को कारण क्षतिग्रस्त घर।

५. **बीमा शुल्क भुक्तानीः** (१) एकाघर परिवारको एक घरको बीमा शुल्क प्रदेश सरकारले भुक्तानी गर्नेछ।

(२) प्रदेश सरकारले प्रतिघर अधिकतम बीस लाख बीमाङ्क बराबरको जोखिम मूल्याङ्कनको हुन आउने बीमा शुल्क बापतको रकम मात्र भुक्तानी गर्नेछ।

तर बीस लाख रुपैयाँ भन्दा वढी मूल्यको घर वा एकाघर परिवारको एक भन्दा बढी संख्याको घरको बीमा गराउनु पर्ने अवस्थामा स्वयम् घरधनीले सम्बन्धित बीमकलाई अतिरिक्त बीमा शुल्क बापतको रकम उपलव्ध गराउनु पर्नेछ।

(३) स्थानीय तहको सिफारिस र बीमकले उपलब्ध गराएको डेबिट नोटका आधारमा मन्त्रालयले घर बीमा एकिन गरी पन्ध्र दिन भित्र बीमा शुल्क रकम बीमकलाई भुक्तानी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भुक्तानी भएपश्चात सम्बन्धित बीमा कम्पनीले दुई दिन भित्र बीमालेख जारी गरी बीमितलाई बीमालेख उपलब्ध गराइ मन्त्रालयमा सक्कल बील वा रसिद पेश गर्नु पर्नेछ।

६. **घर बीमा सम्बन्धी सामान्य सर्तः** (१) घरको बीमा गर्दा पालना गर्नुपर्ने सामान्य शर्त देहाय बमोजिम हुनेछः-

(क) बीमकले बीमालेख जारी गरेपछि जोखिमको रक्षावरण प्रारम्भ हुनेछ।

(ख) घर बीमा गर्न एकाघर परिवारले स्थानीय तहमा अभिलेखीकरण गरेको हुनु पर्नेछ।

(ग) घर बीमालेखको अवधि बढीमा एक बर्षको हुनेछ।

(घ) बीमा गरिएको घरको स्वामित्व परिवर्तन भएमा पैतिस दिनभित्र बीमकलाई लिखित जानकारी गराउनु पर्नेछ।

(ङ) क्षतिपूर्ति निर्धारण गर्दा घर बीमा सम्बन्धी बीमालेखको व्यवस्था अनुसारको ह्रासकट्टी हुनेछ।

(च) एउटै घरको बीमा एक भन्दा बढी बीमकबाट गर्न पाइने छैन।

(छ) आवासीय भवनमा कुनै पसल वा व्यवसाय रहेछ भने उक्त घरको आवासीय घर बीमा गर्न पाइने छैन।

तर यो व्यवस्था खर वा पराल, इँटा वा ढुङ्गा, माटो र काठले बनाएको आवासीय घरको हकमा भने लागु हुने छैन।

(२) बीमा गरेको घरको कुनै कारणले क्षति भएमा तुरुन्तै बीमकलाई खबर गर्नु पर्नेछ र आगलागी तथा आपाराधिक क्रियाकलापको कारण क्षति भएमा नजिकको प्रहरी कार्यालयमा खबर गर्नुपर्नेछ।

(३) यस कार्यविधि अन्तर्गत बीमा सुविधा मौन विशेषताका घर (निर्माणाधीन घर) हरूमा समेत लागू हुनेछ तर बीमाङ्क रकम र बीमा शुल्कमा परिवर्तन हुने छैन।

(४) आवासको लागि प्रचलित कानुन बमोजिम अयोग्य भनी तोकिएको स्थानमा रहेका घरको बीमा हुने छैन्।

(५) बीमालेख सम्बन्धी विविध सर्तहरू सम्पत्ति बीमा निर्देशन,२०८० बमोजिम हुनेछ।

७. **जनशक्ति व्यवस्थापनः** (१) घर बीमाका लागि बीमा गरिने घरको लगत राख्ने, अभिलेखीकरण गर्ने तथा जोखिमको प्राविधिक मूल्याङ्कन स्थानीय तहले गर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिमको मूल्याङ्गनको लागि प्राविधिक परिचालन बापत प्रतिघर एक सयका दरले घरबीमा सम्वन्धी खर्च शिर्षकबाटनै शोधभर्ना भुक्तानी मन्त्रालयले गर्नेछ ।

(३) स्थानीय तहको जनशक्ति अभावले कार्यसम्पादन हुन नसक्ने देखिएमा उपदफा (२) को लागतमा रहि मन्त्रालयबाट जनशक्ति व्यवस्थापन गरि बीमा कार्य अगाडि बढाउन सक्नेछ ।

८. **स्थानीय तह छनौटः** (१) मन्त्रालयले स्थानीय तहलाई पन्ध्र दिनको समयावधि दिई बीमा गर्ने विषयमा सहभागी हुनको लागि विभिन्न सञ्चार माध्यमहरु मार्फत सूचना गर्नु पर्नेछ। कुनै कारणवश घर बीमा कार्यक्रममा सहभागी हुन नसकेमा निर्देशक समितिले समयावधि थप गरि स्थानिय तहलाई सहभागी गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम बीमा गर्न ईच्छुक स्थानीय तहले मन्त्रालय समक्ष अनुसूची-२ बमोजिमको प्रतिवद्धतासहित अनुरोध गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवद्धता प्राप्त भएपछि मन्त्रालयले देहाय बमोजिमको शर्त बमोजिम स्थानीय तहमा बीमा गरिने घरको छनौट गरी सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछः-

(क) घरधुरी संख्या र घर नक्सा पास भए वा नभएको अवस्था

,

(ख) ट्रेस नक्सा/घरको मुल्यांकन प्रतिवेदन लागु भए वा नभएको अवस्था,

(ग) घर बीमा कार्यक्रम लागु गर्न प्राविधिक जनशक्तिको उपलव्धता र जनशक्ति विवरण,

(घ) घरमा परिवार संख्या, घरमुलीको नाम, घरको मुल्यांकन रकम र घर निर्माण भएको अनुमानित मिति सहित खुलेको अनुसुची १ र २ को विवरण।

९. **बीमितको पहिचान र बीमा गरिने घरको सङ्ख्या निर्धारणः** (१) स्थानीय तहले खटाएका प्राविधिक जनशक्तिबाट घरको मूल्याङ्कन गरी बीमितको पहिचान र घरको निर्धारण गर्नु पर्नेछ।

(२) बजार मूल्य अनुसार बीमाङ्क कायम गरिएको घरको थप बीमा शुल्क भुक्तानी गर्ने दायित्व बीमित स्वयम् को हुनेछ।

१०. **निर्देशक समितिः** (१) यस कार्यविधि अन्तर्गत गरिने बीमाको बीमालेखको नियमितता, प्रभावकारिता र दाबी फछ्र्यौट कार्यमा समन्वय गर्न एक निर्देशक समिति रहनेछ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -संयोजक |
| (ख) | उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) | उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) | कार्यालय प्रमुख, नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय | -सदस्य |
| (ङ) | विपद् तथा शान्ति सुरक्षा महाशाखा प्रमुख, मन्त्रालय | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति स्वंयले निर्धारण गरे बमोजिम हुनेछ।

११. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा बीमा गर्ने संघ संस्था र घरधनीसँग कार्यमूलक सम्बन्ध र सम्पर्क स्थापित गराई कर्णाली प्रदेशमा आकस्मिक हुने विपद्जन्य घरको क्षतिको जोखिमलाई बीमासँग सम्बन्धीत वित्तीय संस्थाहरुसँग जोखिम हस्तान्तरण हुने वातावरण तयार गर्ने,

(ख) दफा ११ को खण्ड (क) मा उल्लेखित कार्य गर्न नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्न मन्त्रालयमा राय-सुझाव दिने,

(ग) घर बीमा कार्यक्रमको अनुगमन प्रभावकारिताबारे सम्बन्धित निकायलाई निर्देशन दिने,

(घ) आगामी वर्षहरुमा नीतिगत र कार्यक्रमगत निरन्तरताको लागि आवश्यक भए नभएको बारे मन्त्रालयका सिफारिस गर्ने,

(ङ) यस कार्यविधि बमोजिम गर्नुपर्ने कामहरुको बाधा अड्काउ फुकाउ गर्न मन्त्रालयमा उपयुक्त सिफारिस पेश गर्ने।

१२. **स्थानीय सहजीकरण तथा अनुगमन समितिः** (१) यस कार्यविधि अन्तर्गत गरिने बीमा को तथ्याङ्क सङ्कलन, प्रचारप्रसार, बीमालेखको जारी तथा दाबी फछ्र्यौट कार्यमा सहजीकरण गर्न स्थानीय तहमा एक अनुगमन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशक समिति देहाय बमोजिम हुनेछः-

(क) नगरपालिकाको प्रमुख वा गाँउपालिकाको अध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, -सदस्य

(ग) संयोजक, पुर्वाधार विकास समिति -सदस्य

(घ) प्रमुख, पूर्वाधार विकास शाखा -सदस्य

(ङ) शाखा प्रमुखहरू, बीमक -सदस्य

(च) प्रमुख, वातावरण तथा विपद् व्यवस्थापन शाखा -सदस्य-सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१३. **<u>स्थानीय सहजीकरण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u>** स्थानीय सहजीकरण तथा अनुगमन समितिको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

**(क)** आगामी आर्थिक वर्षहरुमा घर बीमा सम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम गर्नु पर्ने विषयमा निर्देशक समितिमा राय, सुझाव पेश गर्ने,

**(ख)** घर बीमा सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन लागि मन्त्रालय,घरधनी र बीमा सेवा प्रदायक संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

**(ग)** स्थानीय स्तरमा रहेका सबै घरहरुको अभिलेखीकरण भए नभएको अनुगमन गर्ने,

**(घ)** घरको मूल्याङ्कनको लागि आवश्यक पर्ने जनशक्तिको परिचालन गर्ने,

**(ङ)** घर बीमा सम्बन्धी कार्यान्वयन प्रगति र समस्याबारे निर्देशक समितिमा प्रतिवेदन गर्ने।

१४. **<u>दाबी भुक्तानी प्रक्रियाः</u>** (१) बीमा गरिएको घरको क्षति र नोक्सानी भएमा बीमितले तत्काल बीमकलाई जानकारी गराउनु पर्नेछ।

(२) पूर्ण रूपमा भरिएको दाबी फाराम र दाबीको स्पष्ट पुष्टि हुने प्रमाण सहित बीमक समक्ष निवेदन गर्नु पर्नेछ।

(३) नेपाल बीमा प्राधिकरणबाट जारी भएको दाबी भुक्तानी मार्गदर्शन, २०८१ बमोजिम बीमकले दाबी फर्स्योट सम्बन्धी कार्य गर्नु पर्नेछ।

१५. **बीमा सचेतना अभिवृद्धि कार्यक्रमः** मन्त्रालय तथा स्थानीय तहले घर बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछः-

(क) मन्त्रालयले जिल्ला तथा स्थानीयस्तरमा बीमा सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सक्ने,

(ख) स्थानीय तहले घर बीमा सम्बन्धी प्रचार प्रसार, सचेतना कार्यक्रम, विपद् सहजकर्ता परिचालन, तथ्याङ्क संकलन लगायत कार्य गर्ने।

१६. **घरको उपयोग र नियमित मर्मत गर्नु पर्नेः** बीमितले बीमा गरिएको घरको नियमित ममर्त संभार गर्नु पर्नेछ।

१७. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) बीमकले नयाँ बीमालेख प्राप्ती र दाबी भुक्तानी सम्बन्धमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रत्येक महिनाको सात गतेभित्र प्राधिकरणको प्रदेश कार्यालय समक्ष विवरण पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम एकीकृत विवरण प्राधिकरणको प्रदेश कार्यालयले सात दिनभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

१८. **उजुरी दिन सकिनेः** दाबी सम्बन्धी कुनै विवाद भएमा नेपाल बीमा प्राधिकरण वा प्राधिकरणको कर्णाली प्रदेश कार्यालयमा उजुरी दिन सकिनेछ।

१९. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि बीमालेखको प्राप्ती, समाप्ती, जोखिमाङ्कन, रक्षावरण, दाबी लगायत बीमालेखसँग सम्बन्धित विषयहरू बीमा ऐन, २०७९; बीमा नियमावली, २०८१; नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका, परिपत्र तथा निर्णय बमोजिम हुनेछ।

२०. **बाधा अड्काउ फुकाउन सक्नेः** मन्त्रालयले यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निर्णय गर्न सक्नेछ।

चलानी नम्बरः
मितिः

## अनुसूची-१

**(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)**

**स्थानीय तहको सिफारिसको ढाँचा**

……………..नगरपालिका/गाउँपालिका

| निवेदकको नाम | जग्गाधनीको नाम | वडा | स्थानीय गाउँ/टोलको नाम | घर जग्गा कित्ता नम्बर | घर नम्बर | घर बनोट सम्बन्धी मूल विवरण(गारो, भित्ता र निर्माण सामग्री समेत खुलाउने) | तला सङ्ख्या | छानोको किसिम | चारकिल्ला | निर्माण सम्पन्न भए को वर्ष | हालको मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

प्रमाणित गर्ने,-
नाम, थरः
पदः
मितिः

## अनुसूची-२

## (दफा ८ को उपदफा (२) र उपदफा (३) को खण्ड (घ) सँग सम्बन्धित)

## प्रतिवद्धता-पत्र

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत।

**विषयः** घर बीमा कार्यक्रम सञ्चालन र निरन्तरता सम्बन्धी प्रतिवद्धता।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयले स्वीकृत गरेको घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम सञ्चालन गरिने बीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भएको जानकारी सहित देहायको प्रतिवद्धता व्यक्त गर्दछु।

**प्रतिवद्धताः**

१. स्थानीयस्तरमा रहेका सबै प्रकारका घरको अभिलेखीकरण गरी निरन्तर अध्यावधिक गर्ने,
२. घरको मूल्याङ्कनको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति परिचालन गर्ने,
३. आगामी आर्थिक बर्षदेखि बार्षिक बजेटमा घर बीमा सम्बन्धी कार्यक्रम समावेश गरी स्थानीय स्तरबाट नै घर बीमा कार्यक्रम सञ्चालन गर्ने,
४. बीमा सम्बन्धी जनचेतना अभिवृद्धि र प्रचार-प्रसार गर्ने।

प्रमुख प्रशासकीय अधिकृत,-
नाम, थरः

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## अनुसूची-३

**(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)**

**बीमकले पेश गर्ने विवरणको ढाँचा**

आवासीय घर बीमाको मासिक विवरण

तालिका १ बीमालेख प्राप्ति सम्बन्धी विवरण

बीमकको नामः

| क्र.स. | बीमितको नाम | बीमालेख नम्बर | बीमालेख जारी मिति | जिल्ला | स्थानीय तह | वडा | स्थानीय गाउँ/टोलको नाम | घर जग्गा कित्ता नम्बर | घर नम्बर | घर बनोटसम्बन्धी मूल विवरण | बीमाङ्क | बीमाशुल्क | बीमाशुल्क प्राप्तिको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | | |

प्रमाणित गर्ने,-

नाम, थर

पदः

मिति

तालिका २ दाबी भुक्तानी सम्बन्धी विवरण

बीमकको नामः

| क्र.स. | बीमितको नाम | बीमालेख नम्बर | दाबी नम्बर | दाबी दर्ता मिति | जिल्ला | स्थानीय तह | वडा | स्थानीय गाउँ/टोलको नाम | दाबीको कारण | दाबी रकम | भुक्तानी मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | |

प्रमाणित गर्ने,-

नाम, थरः

पदः

मितिः

निर्णय मितिः २०८१/११/१३

**आज्ञाले,**

पुष्प राज शाही

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**